**आठराई त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हाङपाङ, ताप्लेजुङ्ग**
**कार्यपालिका बैठकको निर्णय**

मितिः २०८२।०४।३० गते बिहान ११:३० बजे

बैठक संख्याः ५१

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**<u>प्रस्ताव नं १</u>**

बैठकको गणपुरक संख्या सम्बन्धमा ।

<u>निर्णयको व्यहोराः</u>

प्रस्ताव नं. १ मा उल्लेख भए बमोजिम बैठकमा उपस्थित संख्या ११ र अनुपस्थित संख्या २ भएको अर्थात गणपुरक संख्या पुगेको हुनाले कार्यपालिका बैठक सुचारू भएको सर्वसम्मत निर्णय गरियो ।

**<u>प्रस्ताव नं २</u>**

बैठकका प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

<u>निर्णयको व्यहोरा</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ५१ औं कार्यपालिका बैठकमा अध्यक्षज्यूबाट पेश भएका बैठकका प्रस्तावहरू स्वीकृत गरी सो सम्बन्धमा छलफल गरी निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>प्रस्ताव नं ३</u>**

५० औं कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

<u>निर्णयको व्यहोरा</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ५० औं कार्यपालिका बैठकले गरेका सबै निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको र कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनका लागि निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>प्रस्ताव नं ४</u>**

वार्षिक कार्ययोजना सम्वन्धमा ।

<u>निर्णयको व्यहोरा</u>

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका भित्र संचालित हुने योजनाहरुको एकिकृत गरी ठेक्का आव्हन गर्ने र उपभोक्तावाट संचालन हुने योजनाहरुको समिति गठन भाद्र मसान्त भित्रमा गरी असोजको पहिलो हप्तामा दर्ता सम्झौता सम्वन्धी तालिम प्रदान गरी असोज मसान्त भित्रमा दर्ता सम्झौता प्रत्येक वडा/वडामा घुम्ती शिविर सञ्चालन गरी सम्पन्न गर्ने साथै उपभोक्ता समितिलाई प्यान नम्वर अनिवार्य नगर्ने निर्णय सर्वसहमत रुपमा पारित गरियो ।

अध्यक्ष

Scanned with OKEN Scanner

**प्रस्ताव नं. ५**

आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षण सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. ५ माथि व्यापक छलफल गर्दा आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षण गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सम्पुर्ण शाखाहरुलाई परिचालित गरी आवश्यक कागज पत्रहरु उपलव्ध गराइ सहयोग गर्ने निर्णय सर्वसहमत रुपमा पारीत गरियो ।

**प्रस्ताव नं. ६**

जग्गा सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. ६ माथि व्यापक छलफल गर्दा यस आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ साविक चाँगे गा.वि.स. वडा नं. ४ वस्ने श्री लक्ष्मी देवी सम्वो लिम्बुले निजको नाममा आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ साविक चाँगे गा.वि.स. वडा नं. ४ मा दर्ता कायम रहेको जग्गाधनी दर्ता प्रमाणपूर्जा कित्ता नं. ६५८ क्षेत्रफल ५-१०-३-२ को कित्ताकाट गरी जम्मा क्षेत्रफल ०-८-०-० (८ आना) (पूर्व- बाटो, दक्षिण-बाटो, पश्चिम- ६५८, उत्तर-४७२) श्री आठराई त्रिवेणी गाउँपालिकालाई निःशुल्क रुपमा उपलब्ध गराउने सहमत भई निज श्री लक्ष्मी देवी सम्वो लिम्बुले वडामा गरेको मन्जुरीनामा, वडा नं. ५ वडा कार्यालयको सिफारिस बमोजिम आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ मा रहेको पित्लेधारा बाल विकास केन्द्रमा खेलमैदान निर्माण गर्ने प्रयोजनका लागि यस आठराई त्रिवेणी गाउँपालिकाको नाममा नामसारी (निःशुल्क जग्गा रजिष्ट्रेशन) को लागि आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय सर्वसहमत रुपमा पारीत गरियो ।

**प्रस्ताव नं. ७**

सिफारीस सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. ७ माथि व्यापक छलफल गर्दा फुलवारी ग्रामिण विद्युत सहकारी संस्था लिमिटेडको मिति २०८२/०४/२५ गतेको हस्तान्तरणको सिफारीस सम्वन्धमा प्राप्त पत्र तथा संलग्न कागजातहरुको आधारमा नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरणको लागि सिफारीस प्रदान गर्ने निर्णय सर्वसहमत रुपमा पारित गरियो।

**प्रस्ताव नं. ८**

घ वर्गको इजाजत पत्र नविकरण सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. ८ माथि व्यापक छलफल गर्दा "घ" वर्गका निर्माण व्यवसायी इजाजत पत्र आवश्यक कागजातहरु सहित ठाउसारी, नामसारी र दर्ता नविकरण गर्न आएमा "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ (संसोधन सहित) मा उल्लेख भए बमोजिम दर्ता, नविकरण, ठाउँसारी, नामसारी गर्ने निर्णय सर्वसहमत रुपमा पारित गरियो ।

Scanned with OKEN Scanner

**प्रस्ताव नं. ९**

अनुगमन समिति सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. ९ माथि व्यापक छलफल गर्दा आ.व. २०८१/८२ मा गठन भएको अनुगमन समिति संख्या वढी र झन्झटिलो भएको हुनाले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम अनुगमन समिति गठन गर्ने र ठुला योजनाहरुको अनुगमन गर्नको लागि गाउँपालिकाको अध्यक्ष र कार्यालय प्रमुख लगायतको टिमले अनुगमन गर्ने निर्णय सर्वसहमत रुपमा पारित गरीयो ।

संयोजकः उपाध्यक्ष

सदस्यः सम्वन्धित वडाको वडा अध्यक्ष

सदस्यः भौतिक पुर्वाधार शाखा प्रमुख

**प्रस्ताव नं. १०**

अन्तर स्थानीय तह सरुवा सहमति सम्वन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. १० माथि व्यापक छलफल गर्दा यस आठराई त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा मिति २०८१/०४/०९ गते देखि हाजिर भई हालसम्म कार्यरत नेपाल प्रशासन सेवा सामान्य प्रशासन समुह अधिकृत छैठौं तह लिला राज खड्का (क.सं. नं. २१०८०८) लाई तेह्रथुम जिल्ला मेन्छयायेम गाउँकार्यपालिकाको च.नं.९५ मिति २०८२/०४/१७ को अन्तर स्थानीय तह सरुवा भई आउन प्रदान गरिएको सहमतिको पत्रानुसार निज कर्मचारी लिला राज खड्कालाई कोशी प्रदेश स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० को दफा २४ को उपदफा (४) मा उल्लेखित व्यवस्थाको अधिनमा रहि यस गाउँकार्यपालिकाको निर्णय बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार प्रशासन सेवा सहायक पाँचौं र चौथो तहमा कोशी प्रदेश लोक सेवा आयोगमा कर्मचारी नियमानुसार माग भईसकेको तथा जनसंख्या र भुगोलका साथै गाउँपालिकाको वार्षिक आन्तरिक आय संकलनको अवस्था समेतलाई मध्यनजर गरी निज कर्मचारी लिला राज खड्कालाई सरुवा सहमति प्रदान गर्दा कार्यालयको दैनिक प्रशासनिक कामकाज तथा सेवा प्रवाहमा समेत कुनै पनि प्रकारको अवरोध सिर्जना नहुने देखिएकोले सरुवा भई आउन सहमति प्रदान गर्ने स्थानीय तह तेह्रथुम जिल्ला मेन्छयायेम गाउँपालिकामा यस गाउँपालिकाबाट सरुवा भई जान सहमति प्रदान गरी कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**प्रस्ताव नं २३**

गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, आ.व. २०८२/८३पारित सम्बन्धमा ।

**निर्णयको व्यहोरा**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, आ.व. २०८२/८३ मस्यौदा माथि दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसहमतिबाट पारित गर्ने निर्णय गरियो ।

Scanned with OKEN Scanner